# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६

मिति: २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः
च.नं

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
दोगडा केदार गाँउपालिका,
बैतडी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट दोगडा केदार गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानुन तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड १८ लाख ६६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५६ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.१० लाख, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१६ लाख ४७. हजार र पेश्की रु.३५ लाख ६२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिबेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# दोगडा केदार गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो गाँउपालिका अन्तर्गत ८ वडा, ४६ गाउसभा सदस्य, १२६.३८ वर्ग कि.मी.क्षेत्रफल र २४६३२ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५९६७८२७.२७ | १ | **चालु खर्च** | | २४१९६०७२४.७९ |
| | क) नगद | ३२०४६.५२ | | | क)वित्तीय समानीकरण अनुदान | | ० |
| | ख) बैंक | **५९३५७८०.७५** | | | ख) सशर्त अनुदान | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ० | | ग) विषयगत | | ० |
| | क) आन्तरिक राजस्व | | **२६५४५३७.८७** | | घ) गत आव को सामाजिक सुरक्षा फिर्ता | | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | | | ० |
| | ग) अन्य आय | | ० | २ | **पूँजीगत खर्च** | | १४३८०२६४०.३५ |
| ३ | **वित्तीय हस्तान्तरण** | | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | **१८८५३९०००** | | क) ऋण भुक्तानी | | ० |
| | ख) सशर्त अनुदान | | **१२६२८९०००** | | ख) ब्याज भुक्तानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | | ग) अन्य भुक्तानी | | ० |
| | घ) विशेष अनुदान | | ० | ४ | **लगानी** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ० | | ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | ० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | ० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | ० | ५ | **धरौटी फिर्ता** | | ० |
| | घ) विशेष अनुदान | | **५१५०००** | ६ | **कोष खर्च** | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | ७ | **मौज्दात** | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | क) नगद मौज्दात | | ० |
| | क) ऋण प्राप्ति | | ० | | ख) बैंक मौज्दात मुल संचित कोष | | ५१५००० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | | | | ० |
| १० | **धरौटी आय** | | ० | | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १२ | **अन्य विविध आय** | | ६२३१३००० | | | | ० |
| | **जम्मा** | | **३८६२७८३६५.१४** | | **जम्मा** | | **३८६२७८३६५.१४** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । ऐनले व्यवस्था गरे अनुसारको लिखित अख्तियारी प्रत्यायोजन गरेको छैन । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई खर्च गर्ने अख्तियारी दिनुपर्नेमा पटक पटक वडा सचिबलाई पेशिक दिई कार्यालय संचालन गरेको देखियो । आर्थिक वर्ष २०७४।७५ को गाँउसभा मिति २०७४।४।२८ मा सम्पन्न भएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मिति २०७४।०५।२९ गतेबाट लागु भएकाले सो कार्य हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ । अतः ऐनमा वयवस्था भए अनुसारको कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| २. | **वजेट पेश  तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले चालु आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई ऐनमा व्यवस्था भएको समय सीमा भित्र निर्दिष्ट ढाचामा पारित गरेको छैन । | |
| ३. | **आन्तरीक नियन्त्रण प्रर्णाली :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथ प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्था बिषयलाई समेत समेट्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालिकाको अध्यक्ष वा प्रमुख वा जिल्ला समन्वय समिति प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।  कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । कार्यालयले भ्रमण अभिलेख खाता नराखेको, व्याक लोडर रहेकोमा चलेको बिबरण नराखेको, मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापुर्ण ढंगबाट सम्पादन गर्न , वित्तिय प्रतिवेदन प्रणालीलाई बिश्वसनिय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ फ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने, आन्तरिक नियन्त्रण  प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुपको जोखीम क्षेत्रको पहिचान नियन्त्रणको वातावरण , सुचनाको आदानप्रदान, अनुगमन तथा मुल्याङ्कन जस्ता विषयलाई समेट्नुपर्ने र त्यस्तो प्रणालीको अनुगमन नगरपालिका / गाउपालिका प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ र कार्यालयले भ्रमण अभिलेख, नापि कितावमा चेनेज रहेको स्थान उल्लेख गरि चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको , अख्तियार र जिम्मेवारी किटान गरि कर्मचारीहरुको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरि आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, आवश्यकता अनुसार भन्दा बढि भाडामा घरहरु लिई जनप्रतिनिधि एवं कर्मचारीको आवासको रुपमा प्रयोग गरी थप व्ययभार परेको, कर्मचारीलाई कार्य बिवरण दिई कामको वाँडफाँड नगरेको जस्ता व्यहोरा देखिएका छन । ऐनले तोकेको प्रावधान पुरा गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढिकरण गर्नुपर्ने देखिन्छ । | |
| ४. | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६  वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समितिले राजश्वको दर मिीत २०७४।४।२८ मा निर्धारण गरी प्रतिवेदन पेश गरेको भएतापनि | |

| | | |
|---|---|---|
| | उपरोक्त अनुसारको सिमा निर्धारण तथा प्राथमीकरणको सन्तुलित विवरणका खाका पेश गरेको देखिएन त्यस तर्फ समयमै ध्यान दिनुपर्दछ । | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि चालु वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।त्यस अनुरुप समितिले खर्च नीति तर्जुमागर्न नसकेको, तर विषयगत र क्षेत्रगत कार्यक्रम तर्जुमा गरेको छ ।सडक निर्माण लगायतका कार्यहरु विगतमा डिभिजन सडक तथा जिल्ला विकास समिति एंव जिल्ला प्राविधिक कार्यालयबाट निर्माण भएको सडक हस्तान्तरण नभई निर्माण गरेकाले दोहोरोपन हुन सक्ने र समन्वय नभएको अवस्थामा सुधार गर्नु पर्दछ । कार्यक्रमको प्राथमिकिकरण गरी बिकास निर्माणको गति बढाउनु पर्दछ । | |
| ६. | **आन्तरिक ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम. गाउपालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यो वर्ष आन्तरीक ऋण लिने प्रस्ताब पेश भएको छैन । | |
| ७. | **स्थानीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन.। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ.नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउपालीकाले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको छैन । नियमावलीको व्यवस्था अनुसार प्रगति प्रतिबेदन तयार गर्नु पर्दछ । | |
| ९. | **बैंक हिसाब:** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु. ३८६२७८३६५/१४ र खर्च रु ३८५७६३३६५।१४ बैंक मौज्दात रु. ५१५०००। रहेको छ । कार्यालयले बैंक हिसाब मिलान तयार गरी बाकी देखिएको रु १६००४५५.२७ संघिय कोषमा फिर्ता गर्नु पर्ने रु | १६००४५५.२७ |
| १०. | **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको पुजिगत खर्च विवरण अनुसार प्रथम चौमासिकमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |

| क.सं. | वजेट उपशीर्षक | कुल खर्च रु हजारमा | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | ८०१८६९४ | १४३२०३ | ४५९७ | १६९३२ | १२१६७२ | ६८२०६ |
| २ | ३६५८१९४ | ६०० | ० | ४०० | २०० | ० |
| | जम्मा | १४३८०३ | ४५९७ | १७३३२ | १२१८७२ | ६८२०६ |

| | | |
|---|---|---|
| ११. | **कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३२ रहेपनि पदपूर्ति १५ रहेको देखियो । सहायक १७ पद रिक्त रहेका छ्न । ति मध्ये ५ जना करारमा राखि तलब शिर्षकबाट रु२६६८३८०।८७ खर्च लेखेको छ । रिक्त दरबन्दि पदपुर्ति गर्ने तर्फ पहल हुनु पर्दछ । | |
| १२. | **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| १२.१ | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । | |

| | | |
|---|---|---|
| | यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन । | |
| १२.२ | **आर्थिक बर्ष र आय व्ययको लेखा :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ र उपदफा (३) मा त्यसरी बर्गिकरण गर्दा मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गिकरण गर्न सक्ने व्यवस्था छ । गाउपालिकाले यो वर्ष त्यसरी वर्गिकरण गरी वजेट व्यवस्था गरेको र आय व्ययको लेखा राखेको देखिएन । तोकिए बमोजिम गर्न पहल गर्नुपर्दछ । | |
| १३. | **बक्यौता रकम असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र लगती आय वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।  गाउपालिकाले गत बिगत देखिको बक्यौता आयको हिसाब एकिकृत गरी लगत तयार गरेको छैन । अत : बक्यौता हिसाबको लगत राखी बाकी असुल गर्नुपर्दछ । | |
| १४. | **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट चैत्रदेखि अषाढसम्ममा बिभिन्न ६ कर्मचारीलाई अन्य भत्ता रु.२४१४३३ । खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्सहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम असुल उपर गर्नुपर्दछ । | २४१४३३।- |
| १५. | **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले मिति २०७५ श्रावण रु.४८९०४८२।२० खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा दाखिला भएको छ । दाखिला हुन बाकी रहेको रु १०८५४५५।२७ देखिन्छ। । उक्त रकम सञ्चित कोषमा दाखिला हुनु पर्दछ । | १०८५४५५।२७ |
| १६. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छ । तर राजशव असुली  प्रत्येक वडा कार्यालयबाट समेत हुने भएतापनी कार्यालयले तोकिएको रसिद छपाई गरी वडा लाई दिनु पर्ने, सो को रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो अभिलेख राखेको देखिएन ।  यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १७. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका  गाउपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले यसरी हस्तान्तरीत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको  पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा साबिकका स्थानिय निकायबाट हस्तान्तरण हुनु पर्ने खप्ने मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १८. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम  गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेकोले देखिएन । साबिकमा निकायगतरुपमा कायम पेश्कि तथा अन्य असुल उपर गर्नुपर्ने भनि औल्याईएका बेरुजु गाउपालिकाले अद्याबधिक गरी फरफारकको व्यवस्था अबिलम्ब मिलाई | |

| | | |
|---|---|---|
| | कार्यान्वयन गर्नुपर्दछ । | |
| १९. | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बांकि रहेको रकम सञ्चित कोषमा एकिन गरी दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ । | |
| २०. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्बस्था अनुरुप कार्यालयले श्रोत नक्सांकन सहितको प्रोफाईल तयार गरेको छैन । प्रोफाइल तयार गरी दिर्घ एव मध्यमकालीन योजना तर्जुमा सो प्रोफाइललाई आधार मानी श्रोतको प्राप्ती तथा उपयोगमा ध्यान दिनुपर्दछ । | |
| २१. | **प्राकृतिक स्रोतको शुल्क :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउपालिकाले आफ्नो क्षेत्रभित्रको आयजन्य स्रोतको शुल्क निर्धारण गर्दा प्रदेश सरकारले तोकेको दरमा नबढने गरी शुल्क निर्धारण गर्नु पर्नेमा प्रदेश सरकारले शुल्कको दर रेट नतोकेका कारण गाउँ सभाले आफु खुसी दर तय गरी आन्तरीक आय असुल गरेको छ | |
| २२. | **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १५ प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउपालिकाको व्याक्ति तथा निकायको नाममा रु. ३५६१५१०।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ । | ३५६१५१०।०० |

| पेश्की मिति | पेश्की लिनेको नाम थर | पेश्कि रकम |
|---|---|---|
| २०७५/२/७ | हरि नाथ | १३५०००।०० |
| २०७४/८/२५ | रिम स्वास्थ्य चौकी | २८२१५५।०० |
| २०७४/८/२५ | सित्तड स्वास्थ्य चौकी | २५३७५०।०० |
| २०७४/८/२५ | न्वाली स्वास्थ्य चौकी | १७५५९०।०० |
| २०७४/८/२५ | श्रीकेदार स्वास्थ्य चौकी | १२६३३५।०० |
| २०७४/८/२५ | देउलेक स्वास्थ्य चौकी | १३२४९५।०० |
| २०७४/८/२५ | श्रीकोट स्वास्थ्य चौकी | ३२३८०५।०० |
| २०७४/८/२५ | कटौजपानी स्वास्थ्य चौकी | २६१०६५।०० |
| २०७४/८/२५ | जगन्नाथ स्वास्थ्य चौकी | ७७३१५।०० |
| २०७४/८/२५ | रिम स्वास्थ्य चौकी | ४९०००।०० |
| २०७४/८/२५ | सित्तड स्वास्थ्य चौकी | ५२०००।०० |
| २०७४/८/२५ | न्वाली स्वास्थ्य चौकी | १९०००।०० |
| २०७४/८/२५ | श्रीकेदार स्वास्थ्य चौकी | ६०००।०० |
| २०७४/८/२५ | देउलेक स्वास्थ्य चौकी | १००००।०० |
| २०७४/८/२५ | श्रीकोट स्वास्थ्य चौकी | ४८०००।०० |
| २०७४/८/२५ | कटौजपानी स्वास्थ्य चौकी | २८०००।०० |
| २०७४/८/२५ | जगन्नाथ स्वास्थ्य चौकी | २०००।०० |
| २०७५/२/२३ | रौलेश्वर मा.वि. मल्लाढीक बैतडी | ५०००००।०० |
| २०७५/२/२४ | सामूदायिक विकास केन्द्र बैतडी | ४०००००।०० |
| २०७५/३/१९ | नेपाल पत्रकार महासंघ बैतडी | ३०००००।०० |
| २०७५/३/१८ | रिम स्वास्थ्य चौकी | १६०००।०० |
| २०७५/३/१८ | सित्तड स्वास्थ्य चौकी | १५०००।०० |
| २०७५/३/१८ | न्वाली स्वास्थ्य चौकी | १३७५०।०० |
| २०७५/३/१८ | श्रीकेदार स्वास्थ्य चौकी | १२५००।०० |
| २०७५/३/१८ | देउलेक स्वास्थ्य चौकी | १३७५०।०० |
| २०७५/३/१८ | श्रीकोट स्वास्थ्य चौकी | १५५००।०० |
| २०७५/३/१८ | कटौजपानी स्वास्थ्य चौकी | १५५००।०० |
| २०७५/३/१८ | जगन्नाथ स्वास्थ्य चौकी | ८०००।०० |
| २०७५/३/१८ | विष्णु दत्त जोशी | २७००००।०० |
| | जम्मा | ३५६१५१०।०० |

| | | |
|---|---|---|
| २३. | **कार्यसम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । गाउपालिका कार्यालयवाट २५१ वटा निर्माण कार्य का | |

| | | |
|---|---|---|
| | लागी रु १३ करोड ९६ लाख २४ हजार हजार बजेट बिनियोजन भई रु १३ करोड ९६ लाख २४ हजार खर्च भएको बिवरणमा उल्लेख छ । सबै योजनाहरु आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म अधिकाशं योजनाको निर्माण कार्य अधुरो रहेको छ । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसारको कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २४. | **उपभोक्ता समितिबाट भएको खर्च :**_सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जन सहभागिताबाट व्यहोरिएको लाभ, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयमा शशर्त अनुदानबाट संचालीत कार्याक्रमका लागि १६० वटा उपभोक्ता समितिसँग रु ६ करोड ६५ लाख ३८ हजार बरावरको सम्झौता सम्पन्न भएको उल्लेख छ ।<br>कार्यालयले अभिलेखको रुपमा नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्ने गरी स्वीकृत लागत इष्टिमेट अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानी तर्फको सम्झौता अंकबाट कुल मुल्यांकन भएको कामको मुल्यमा ८० प्रतिशत एकिन गरी बांकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको जनश्रमदानको अंश भनि उल्लेख गरेको अवस्था देखियो । अतः ग्रामिण सडक,सिंचाइ कुलो, मठ मन्दिर निर्माण पहिरो नियन्त्रण, बिद्यालय फिल्ड, ग्राउण्ड निर्माण गोरेटो घोरेटो बाटो पि.सी.सी लगायतका बिभिन्न योजनाको कार्यान्वयनमा सम्झौतामा उल्लेखित जनश्रमदानको कामको स्पष्ट मूल्यांकन गरि आइटम वाइज कामको प्रगति भुक्तानी बिलमा किटानी साथ उल्लेख गरी जनश्रमदानको अभिलेख अद्यावधिक गर्नु पर्दछ । अत कार्यालयले स्वीकृत कार्यक्रमहरु उपभोक्ताबाट कार्यान्वयन गराएको सर्न्दभमा निर्माण कार्यको अद्यावधिक अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| २५. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि२०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउपालीकाले दलित महिला संध , पेशागत संघ संगठन,को क्षमता बिकास गोष्ठी दिबसिय पर्व हरु, जस्ता बितरणमुखि कार्यक्रम संचालन गरेकोमा सो को छुट्टै खाता नराखेकाले खर्च एकिन गर्न सकिएन । कार्यविधिको परिपालना गरी यस्ता लक्षित समुहको वितरणमूखि कार्यक्रममा रोक लगाउनु पर्दछ । | |
| २६. | **सामाजिक सुरक्षा :**संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । गाँउपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत पहिलो,दोस्रो तोस्रो किस्ता रु.५१९९९८०० निकासा भएकोमा गाँउपालीकाले रु. ५१४१९४०० खर्च लेखि रु ७५३५६०० बाकी मध्ये रु ६९५५२००। कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा फिर्ता भएको छ । फिर्ता हुनुपर्ने बाकी रकम रु ५८०४०० मिति २०७५ श्राावणमा संघिय संचितकोषमा दाखिला भएको छ । | |
| २७. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा सूचना पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाउपालिकाले .स्वीकृत दरबन्दि अनुसार पदपुर्ति हुन नसकेको भनी मिति २०७४।१०।२२ मा करार सम्झौता गरी १ जना कर्मचारी नियुक्ती गरी रु.१०००००। खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा कार्यपालीकको निर्णयको आधारमा स्थायी पदपुर्ति भएमा स्वत खारेज हुने शर्त लागू हुने गरी करार सेवामा यस आ.ब.मा रु.१००००० खर्च लेखेको छ । | |
| २८. | **आर्थिक सा**हायताः कार्यालयले आन्तरिक पूजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट खर्चको विल भरपाई बेगर निबेदनमा तोक आदेशका आधारमा १० जनालाई रु. २,००,०००। आर्थिक सहायता भुक्तानी भएको छ । प्रशासकिय प्रमुखले बढीमा एकपटकमा रु ३ अजार सम्म आर्थिक सहायता दिन सक्ने नियमावलीको व्यवस्था पालना हुन सकेको देखिएन । आर्थिक सहायतको कार्यबिधि स्वीकृत बेगर भएको खर्च अनियमित देखिएको रु | २,००,०००। |
| २९. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण | |

समितिले नगरपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । सिफारीस व्यक्तिगत घटना दर्ता,भुमिकर मालपोत , प्रशासनिक दण्ड जरीवाना लगायतका शिर्षकगत आन्तरिक आय दस्तुर रु.१०,००,००० आम्दानी प्रक्षेपण गरीएकोमा रु.२६५४५३७८७ असुल भई सा मध्ये रु. २६५४५३७८७ दाखिला गरेको छ ।

३०. **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु.५६,२५,७१५.१९ खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

३१. **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई का लागि बजेट बिनियोजन नगरेको बर्षान्तमा कार्यपालीकाले रु ३,००,०००रकमान्तर बाट व्यवस्था गरी सार्वजनिक सुनुवाइ संचालन गर्न पत्रकार महासघ जिल्ला कार्य समिति बैतडीलाई दिई खर्च भएको छ । कार्यालयले नै आफुले सम्पादीत बार्षिक कार्यहरुको सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गरी खर्चको पारदर्शिता कायम गर्ने तर्फ प्रयास गर्नु पर्नेमा । पत्रकार महासघ जिल्ला कार्य समिति बैतडीलाई दिएको उक्त रकम अनियमित देखिएको रु ३,००,०००

३२. **रकमान्तर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यालयले बर्षान्तमा आएर बिनियोजीत रकम स्वीकृत कार्यक्रममा खर्च हुन नसकेको भनि आन्तरीक तथा अन्तर शिर्षकमा पटके निर्णय गरी रकमान्तर गराई बजेट खर्च गरेको छ । यस बर्ष पटके रकमान्तर गरी खर्च भएका केही शिर्षकगत बजेट खर्चको स्थिति निम्न छन :

| मुल कार्यक्रम | बजेट | रकमान्तर सीमा रकम | शिर्षकगत रकमान्तर थप | अन्तर शिर्षकगत रकमान्तर घट | खर्च रकम रु |
|---|---|---|---|---|---|
| **पुजिगत तर्फ** | | | | | |
| भबन निर्माण | ३७१६२४१ | ९२९०६० | ३७१६२४१ | ० | ३७१६२४१ |
| सवारी साधन | २००००० | ५०००० | ११७५६४० | ० | १३७५६४० |
| मेशिनरी औजार | १६५००००० | ४१२५००० | ४९२१६९ | ० | १६९९२१६९ |
| फर्निचर | २०००००० | ५००००० | ७१९१४८ | ० | २७१९१४८ |
| सार्बजनिक निर्माण | ८३४९४१८८ | २०८७३५४७ | ० | ० | ८३४९४१८८ |
| पुँजीगत सुधार खर्च सा.नि. | ३०७१७४९५.३५ | ७६७९३७३ | ० | ० | ३०७१७४९५.३५ |
| पुँजीगत अनुसन्धान तथा परामर्श | ६०९२६८ | १५२३२७ | ० | ० | ६०९२६८ |
| जम्मा | १३७२३७१९२.३५ | ३४३०९३०७ | ६१०३१९८ | ० | १३९६२४१४९.३५ |

३३. **योजना कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले कार्यान्वयनमा ल्याएका योजना बढी बितरणमुखी, बाष्पिकरण प्रकृतिका रहेका सहभागितमूलक अबधारणमा आधारीत नदेखिएका, उत्पादनमूलक र प्रतिफल एकिनको पुर्ब मुल्याङ्कन गर्न नसक्ने अबस्था देखियो । योजना छनौटमा प्राथमिकिकरणका आधारमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३४. **विमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । उपभोकताद्धारा कार्यानवयन भएका ग्रामिण सडक, बिद्यालय भबन लगायतका संरचना निर्माणमा नियमावलीमा व्यवस्था भए अनुसार बिमा गरेको देखिएन । योजना संभौता भएको १५ दिन भित्र यस्ता निर्माणधिन संरचनाको अनिबार्य बिमा गरी कार्यालयले सम्भाव्य संरचनागत जोखिम न्युनिकरणमा पहल गर्नुपर्दछ ।

| योजना | लागत अनुमान तथा ठेक्का रकम | खर्च रकम रु |
|---|---|---|
| ग्रामिण सडक २० बटा | १ करोड १५ लाख | १ करोड १५ लाख |
| बिद्यालय, १२ बटा | ६२ लाख ३ हजार | ६२ लाख ३ हजार |
| सिचाई योजना ७ बटा | २९ लाख | २९ लाख |
| खानेपानी १४ बटा | २ करोड ५२ लाख ५० हजार | २ करोड ५२ लाख ५० हजार |
| पि.सी.सी बाटो २२ वटा | १ करोड ३९ लाख | १ करोड ३९ लाख |

| | | |
|---|---|---|
| | मन्दिर १० वटा ६९ लाख ६९ लाख | |
| ३५. | **लागत अनुमान:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । बार्षिक बजेट कार्यक्रम र कार्यान्वियन तालिका बनाउदा कार्यक्रम सुचारु रुपले कार्यान्वियन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसग लिनुपर्ने सहयोग र स्वीकृतीवारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरीसक्नु पर्ने व्यवस्था छ । कार्यालयले कुनै पनि निर्माणका योजनाहरुको लागत अनुमान प्रथम चौमासिकमा स्वीकृत गराएको देखिएन । गाउँ सभाबाट पारीत कार्यक्रम सोझै तेस्रो चौमासिकको आषाढ महिनामा कार्यान्वयन आएको अबस्था छ । अतः ऐनमा व्यवस्था भए अनुसार प्रथम चौमासिकमा योजनाको लागत अनुमान अनिवार्य स्वीकृत गराई कार्यान्वयमा ल्याउने तर्फ कार्यालयको पहल हुनु पर्दछ । | |
| ३६. | **नर्म्स स्विकृत नभई लागत अनुमान तयार :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार नर्म्स स्वीकृत नगरी उपभोक्ता समिति तर्फ विभिन्न सडक निर्माण कार्यको लागत अनुमान एक्साभेटर बुल डोजर जस्ता मेशिन प्रयोग अवस्थामा ८० प्रतिशत मेशिन मार्फत २० प्रतिशत मानिसको श्रम प्रयोग गर्ने गरी लागत दर समायोजन गरी दर कायम गरी सो बमोजिम लागत अनुमान तयार गर्ने गरेको पाईयो । निर्माण गरिने स्थान अनुसार फरक फरक दर निर्धारण भै मेशिनको समेत प्रयोग भएको छ । हेभि मेशिनरी प्रयोग गरी नयाँ कच्ची सडकको ट्र्याक खोल्दा वा मर्मत गर्दा ८०:२० को अनुपातबाट लागत अनुमान तयार गर्ने नर्म्स स्विकृत भएको आधार प्रमाण भने पेश भएन । यसरी आधार बेगर लागत अनुमान तयार गर्दा झन्डै ५ गुना सम्म लागत बृद्धि हुने अवस्थामा अबिलम्ब सुधार हुनुपर्दछ । | |
| ३७. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ वमोजिम बिचार गर्नुपर्ने कुराको समेत व्यवस्था छ । सोही नियमावलीको अनुसूची - १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचाट स्टाफ खर्च २.५ % र सानातिना अन्य खर्च २.५ % गरी पाँच प्रतिशत सम्म लागत अनुमान थप गरी तुलना गर्ने र बोलपत्रको अंक तुलना गर्दा कूल लागत अनुमानलाई आधार मान्नु पर्ने व्यवस्था छ । यस कार्यालयले लागत अनुमान परिमाणलाई दरले गुणन गर्दा आउने रकम अलग हिसावमा कार्यालय बाट वेहोर्ने रकमको माग कन्टिन्जेन्सी हिसाव गरीएको छ । यसले गर्दा कूल लागत अनुमानमा नभै कार्यालयबाट भुक्तानी हुने रकममा मात्र कन्टिन्जेन्सी खर्च हिसाब गर्दा कूल लागत यथार्थपरक रहेको छैन । तसर्थ कूल लागत एकिन गर्ने र त्यसको आधारमा उपभोक्ताको योगदान र कार्यालयको योगदान खुल्ने गरी उपभोक्ता समितिसंग सम्झौता गर्नुपर्ने देखिन्छ । | |
| ३८. | **लेखापरीक्षण:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको आन्तरीक लेखापरीक्षण गराई स्रेस्ता कागजात दुरुस्त राखी आन्तरीक लेखापरिक्षणबाट देखिएका कैफियत व्यहोरा फछ्यौट गराई अन्तिम लेखापरीक्षणका लागि स्रेस्ता पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा गठन भै नसकेको, नीतिगत अन्योलताका कारण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकायको आन्तरीक लेखापरिक्षण सम्पन्न गरेको अबस्था छ । आगामी दिनमा ऐनले तोके अनुसार समयमा नै आन्तरीक लेखापरीक्षण गराउने व्यवस्था हुनुपर्दछ । | |
| ३९. | **गुणस्तर परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्काइभेटर १ वटा रु. १,१९,३८,६४३।२० मुल्यको खरीद भएकोमा गुणस्तर परीक्षण गरेको छ । | |
| ४०. | स्थानीय सरकार सञ्चालन ऐन अनुसार बजेट अवण्डा राखी खर्च गर्न नपाइने मा यस गाउपालिका यो बर्ष सम्पुरकोषमा एक करोड दशलाख तथा बिपद व्यवस्थापन कोष नामक कोषमा ५ लाख विनियोजन गरी कार्यपालिकाको निर्णयबाट चालु प्रकृतिका क्रियाकलापमा तथा अनुदानमा खर्च गरेको देखिएकाले उक्त खर्च अनियमित देखिएको रु | ५००००० |
| ४१. | **कन्टिजेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था रहेको छ । उक्त अनुसुचिमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५% गरि ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सकिने व्यवस्था देखिन्छ । यस वर्ष पूँजीगत सुधारका कार्यक्रम अर्न्तगत कन्टिजेन्सी रु.३५७८४९१. खर्च भएको छ । कार्यालयले कार्यक्रमवाइज खाता नराखेकाले योजनागत लागत अनुमान तथा उक्त योजनामा खर्च गर्न सकिने कन्टिजेन्सीको रकम एकिन गर्न सकिएन । लमसममा खर्च गरेको उक्त कन्टिजेन्सीको रकम चालु प्रकृतिका रहेकाले अनिवार्य रुपमा २.५ प्रतिशत पुजिगत प्रकृतिका काममा खर्च गर्ने तर्फ पहल हुनु पर्दछ । | |
| ४२. | ब.उ.शि.नं. ३५००११३(शिक्षा मन्त्रालय), ३००१६३(सबैका लागि शिक्षा), ३५००१७३(माध्यमिक तह), ३५०८०६३(विद्यालय क्षेत्र विकास कार्यक्रम)आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । बिभिन्न तहका शिक्षातर्फको रु.१०,१२,५१,०००।- बजेट भएकोमा रु.९,६८,८४,७१५।८० खर्च भई रु.४३,६६,२८४।२० बजेट फिज गर्नुपर्नेमा रु.३२,८०,७२८।९३ मात्र बजेट फिर्ता हुनुपर्ने रु. | १०,८५,४५५।२७ |

<table>
<tr><td>४३.</td><td>निम्न गोश्वारा भौचर र मितिबाट निम्न श्रोत व्यक्तिहरुले जिल्ला शिक्षा समन्वय ईकाई बैतडीबाट भुक्तानी पाउनुपर्ने मसलन्द बाफतको रकम गाउँपालीका कार्यालयबाट समेत माग फारम भरी दोहोरो निकासा लिएकोले बढी निकासा भएको सो रकम निम्नानुरुप असुल हुनुपर्ने रु.
<table>
<tr><td>गो.भौ र मिति</td><td>श्रोतकेन्द्र</td><td>नाम</td><td>बढी रकम</td></tr>
<tr><td>१०,२०७४/५/२९</td><td>श्री केदार मा.वि पिपलकोट केन्द्र</td><td>विर सिंह ठगुन्ना</td><td>७००००</td></tr>
<tr><td>१०,२०७४/५/२९</td><td>सनातन धर्म मा.वि श्रीकोट</td><td>हरि नाथ</td><td>७००००</td></tr>
<tr><td>३११,२०७४/१२/११</td><td>सनातन धर्म मा.वि श्रीकोट</td><td>हरि नाथ</td><td>७००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२,१०,०००।-</td></tr>
</table></td><td>२,१०,०००।-</td></tr>
<tr><td>४४.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । भगवती नि.मा.वि सित्तडका शिक्षक धन बहादुर कुँवर मिति २०७५।२।१६ देखि अवकाश भएकोले अवकाश मितिदेखि आषाढ सम्मको तलब भुक्तानी भएकोले निजले पाउने मासिक तलब भत्ता रु.३८,१०६।१० अनुरुप २०७५ जेष्ठको १६ दिनको तलव रु.२०,३२३ र आषाढको तलब रु.५८,४२९।- समेत जम्मा तलब रु.५८,४२९।- असुल हुनुपर्ने ।</td><td>५८,४२९।-</td></tr>
<tr><td>४५.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । शैलेश्वर माध्यमिक विद्यालय कालागाउँको नि.मा.वि द्धितिय शिक्षक ज्ञानेन्द्र बहादुर विष्ट २०७५।२।२९ देखि अवकाश भएकोमा उक्त मितिदेखि आषाढसम्मको तलब भत्ता समेत निकाशा भएकोले निजले पाउने मासिक तलब भत्ता रु.३८,१०६।८० ले जेष्ठ दुई दिनको तलब रु.२,५४०।- र आषाढको तलब रु.३८,१०६।८० समेत रु.४०,६४६।- असुल हुनुपर्ने ।</td><td>४०,६४६।-</td></tr>
<tr><td>४६.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। सनातन धर्म मा.वि श्रीकोटको तेस्रो चौमासिक निकाशा रु.१९,२३,४२४।५० हुनुपर्नेमा रु.१९,४९,३२३।६० भएकोले बढी निकासा रु.२५,८९९।- र सोही विद्यालयको लुगा भत्ता रु.१,१२,५००।- मात्र निकासा हुनुपर्नेमा रु.१,२०,०००।- निकाशा भएकोले बढी निकासा रु.७५००।- समेत असुल हुनुपर्ने रु.</td><td>३३,३९९।-</td></tr>
<tr><td>४७.</td><td>ब.उ.शि.नं. ३४०१०२३ महिला शशक्तिकरण कार्यक्रम<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । अन्य संस्था वा व्यक्तिलाई चालु अनुदान भनि वातावरण संरक्षण तथा सामुदायिक विकास संस्थालाई बील भरपाई बेगर रु.२,००,०००।- भुक्तानी दिइएको छ । आयकर ऐन, २०५८ को दफा ८८ अनुरुप १५ प्रतिशतका दरले कट्टी हुनुपर्ने रु. ३००००। अग्रिम कर दाखिला भएको नदेखिएकाले सो रकम असुल गरी बील भरपाई पेश हुनु पर्ने रु</td><td>३०,०००।-</td></tr>
<tr><td>४८.</td><td>सामाजिक सुरक्षाः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्न वडाका सचिवहरुले निम्नानुरुप सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बील भरपाई भन्दा बढी भुक्तानी लिएकोले रकम असुल हुनुपर्ने रु.
<table>
<tr><td>गो.भौ र मिति</td><td>वडा नं.र नाम</td><td>भुक्तानी लिएको</td><td>जम्मा बील भरपाई</td><td>बढी खर्च</td></tr>
<tr><td>६४७-२०७५।२।३२</td><td>३, अमर नाथ</td><td>७४,७८,०००</td><td>७३,६९,६००।-</td><td>११,६००।-</td></tr>
<tr><td>"</td><td>४, प्रयागराज पन्त</td><td>७४,२८,०००</td><td>७३,७०,४००।-</td><td>५७,६००।-</td></tr>
<tr><td>"</td><td>६, विष्णुदत्त जोशी</td><td>७३,८८,०००</td><td>७३,६९,६००।-</td><td>१८,४००।-</td></tr>
<tr><td>"</td><td>७, अमर नाथ</td><td>५९,८१,०००</td><td>५९,४५,६००।-</td><td>३५,६००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१२३,२००।-</td></tr>
</table></td><td>१,२३,२००।-</td></tr>
<tr><td>४९.</td><td>आयकर ऐन, २०५८ को दफा ८८ अनुरुप मिति २०७४।७।१२ को सम्झौता बमोजिम VERSPMIS प्रणालीमा विभिन्न वडाहरुको डाटा इन्ट्री गराउन श्री रामचन्द्र अवस्थी सँग सम्झौता अनुसार परामर्श खर्च रु.२,००,०३५।- भुक्तानी भएको छ । उक्त भुक्तानीमा सेवामा नियमानुसार लाग्ने १५ प्रतिशतका कर रु.३०,००५ अग्रिम आयकर कट्टी नभएकोले कट्टी हुनुपर्ने रु.</td><td>३०,००५।-</td></tr>
<tr><td>५०.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । आलु बिउँ ५६ क्विन्टलको रु.२,८०,०००, गहुँको बिउँ २२ क्विन्टलको रु.१,५४,०००, ढुसीनासक प्याकेट ८०के.जी को रु.६,८००, किटनाशक १०० के.जी को रु.९,०००, प्लाष्टिक झिल्ली ८ के.जी को रु.२४०० समेत रु.४,५२,२०० को खरिद मध्ये रु.४,३०,३४० भुक्तानी भएकोमा यसरी खरिद भएका सामानहरु वितरण भएको भरपाई पेश नभएकोले पेश हुनुपर्ने रु.</td><td>४,३०,३४०।-</td></tr>
</table>

<table>
<tr><td>५१.</td><td>सूचना प्रकाशन गर्न पश्चिम निगरानी दैनिकलाई रु.१८,५०० भुक्तानी दिएकोमा आयकर ऐन २०५८ को दफा ८८ अनुरुप १५ प्रतिशतले रु.२७७५ कर कट्टी हुनुपर्नेमा रु.२७८ मात्र कट्टी भएकोले  घटी कर असुल हुनुपर्ने रु.</td><td>२,४९७।-</td></tr>
<tr><td>५२.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । सिलेगाडामा भएको विविध कार्यक्रम अर्न्तगत क्षमता विकास तालिममा लाली गुँरास सास्कृतिक तथा पर्यटन विकास केन्द्र बैतडीले पं.फ समेत रु.५,००,००० खर्च गरेकोमा निजले कट्टी गरेको भाडाकर रु.१०,९०० र अग्रिम कर १५ प्रतिशतले रु.९,९७५ समेत रु.२०,८७५ असुल हुनुपर्ने रु.</td><td>२०,८७५।-</td></tr>
<tr><td>५३.</td><td>महाकाली खबर साप्ताहिकलाई अन्य सेवा शुल्क शुभकामनाको रु.१२,००० समवेदनाको रु.८,००० समेत रु.२०,००० भुक्तानी गरेकोमाआयकर ऐन २०५८ को दफा ८८  अनुरुप १५ प्रतिशतले रु.३,००० कर कट्टी हुनुपर्नेमा रु.३०० मात्र कट्टी भएकोले घटी कट्टी गरेको रकम असुल हुनुपर्ने रु.</td><td>२,७००।-</td></tr>
<tr><td>५४.</td><td>जनसरोकार पोष्ट राष्ट्रिय दैनिकलाई सन्देश मुलक सूचना बाफतरु.१२,००० भुक्तानी दिएकोमा आयकर ऐन २०५८ को दफा ८८  अनुरुप १५ प्रतिशतले रु.१८०० कर कट्टी हुनुपर्नेमा रु.१८० मात्र कट्टी भएकोले घटी कट्टी गरेको रकम असुल हुनुपर्ने रु.</td><td>१,६२०।-</td></tr>
<tr><td>५५.</td><td>ग्रामीण सेवाकेन्द्र बैतडीलाई खानेपानी गुरुयोजना तयार गर्नलाई अन्तिम किस्ता बाफत रु.५,००,००० भुक्तानी दिएकोमा आयकर ऐन २०५८ को दफा ८८ अनुरुप सेवामा १५ प्रतिशतले रु.७५,००० कर कट्टी हुनुपर्नेमा रु.२१२३ मात्र कट्टी भएकोले घटी कट्टी गरेको रकम असुल हुनुपर्ने रु.</td><td>७२,८७७।-</td></tr>
<tr><td>५६.</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। सौगात एफ.एम बैतडीलाई सचेतनामुलक सूचना प्रशारण गरेबाफत रु.४,००,००० भुक्तानी दिएकोमा आयकर ऐन २०५८ को दफा ८८  अनुरुप १५ प्रतिशतका दरले कर कट्टी नभएको र कार्यक्रम संचालन मिति २०७५।२।७ देखि २०७५।३।२५ सम्म रहेकोमा कहिले देखि कहिलेसम्म प्रशारण भयो भनि प्रमाण पेश नभएकोले असुल हुनुपर्ने रु.</td><td>६०,०००।-</td></tr>
<tr><td>५७.</td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम ७ (११) अनुसार सरकारी कामको शिलसिलामा दैनिक भ्रमण भत्ता उपयोग गर्ने कर्मचारीले सो अबधिभर अन्य कुनै भत्ता लिन नपाउने व्यवस्था  छ । कार्यालयले सरकारी कामको सिलसिलामा काज खटाएका कर्कचारीहरु लाई काज खटिएको अबधिको समेत स्थानिय भत्ता रु.१६,१४९ भुक्तानी गरेको देखियो । काज अबधिको समयको नियमानुसार दैनिक भ्रमण भत्ता को अतिरिक्त स्थानिय भत्ता समेत दोहोरो भत्ता भुक्तानी खर्च लेखेको उक्त रकम असुल हुनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>नाम</th><th>भ्रमण स्थान</th><th>भ्रमण अवधि</th><th>असुल रकम</th></tr>
<tr><td rowspan="3">२-२०७४/५/१४</td><td rowspan="3">भानुभक्त भट्ट</td><td>गोठलापानी</td><td>२०७४/५/१-५/४</td><td>५००</td></tr>
<tr><td>देउलेक</td><td>२०७४/५/१-५/७</td><td>७१४</td></tr>
<tr><td>देउलेक</td><td>२०७४/४/२०-४/२६</td><td>७१४</td></tr>
<tr><td rowspan="2">२१-२०७४/६/८</td><td rowspan="2">भानदेव भट्ट</td><td>देउलेक</td><td>२०७४/५/७-५/१०</td><td>७१४</td></tr>
<tr><td>बैतडी</td><td>२०७४/५/२९-६/२</td><td>५१०</td></tr>
<tr><td rowspan="3">२१-२०७४/६/८</td><td rowspan="3">मान सिंह साउद</td><td>बैतडी</td><td>२०७४/५/२२-५/२३</td><td rowspan="2">६१२</td></tr>
<tr><td>बैतडी</td><td>२०७४/५/३०-६/२</td></tr>
<tr><td>देउलेक</td><td>२०७४/५/१८-५/२३</td><td>६१२</td></tr>
<tr><td rowspan="2">४०-२०७४/७/२०</td><td>महेश सिंह विष्ट</td><td>जि.स्वा.का</td><td>२०७४/५/२६-५/३०</td><td>७५०</td></tr>
<tr><td>दिपेन्द्र प्रसाद भट्ट</td><td>कटौजपानी</td><td>२०७४/७/१३-७/१७</td><td>५१०</td></tr>
<tr><td rowspan="5">५९-२०७४/८/१</td><td rowspan="2">मान सिंह साउद</td><td>देउलेक</td><td>२०७४/७/१७-७/१९</td><td rowspan="2">८१६</td></tr>
<tr><td>बैतडी</td><td>२०७४/७/२४-७/२८</td></tr>
<tr><td>शेर सिंह विष्ट</td><td>बैतडी</td><td>२०७४/७/१२-७/१७</td><td>६१२</td></tr>
<tr><td>लोकेन्द्र ब. चन्द</td><td>खोचलेक</td><td>२०७४/६/२५-६/३०</td><td>६१२</td></tr>
<tr><td>पुष्कर शर्मा</td><td>शाहीलेक</td><td>२०७४/७/१८-७/२२</td><td>४०८</td></tr>
<tr><td rowspan="3">१३८-२०७४/१०/१५</td><td rowspan="3">भानदेव भट्ट</td><td>बैतडी</td><td>२०७४/८/१७-८/२३</td><td>७१४</td></tr>
<tr><td>बैतडी</td><td>२०७४/९/१२-९/१७</td><td rowspan="2">११२२</td></tr>
<tr><td>बैतडी</td><td>२०७४/९/२०-९/२५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९,९२०।-</td></tr>
</table></td><td>९,९२०।-</td></tr>
<tr><td>५८.</td><td>मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुरुप ठेक्का दिने, सामान वा सेवा लिने सरकारी निकायले आफुले गरेको ठेक्का सम्झौता र मु अ. कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा  कारोवार भएको २५ दीन</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | भित्र दिई मु अ. करको भुक्तानी सम्बन्धित ठेकेदार वा आपूर्तकलाई गर्नुपर्ने व्यवस्था भएकोमा अदालतले निम्नानुसार पार्टीहरुलाई मु.अ.कर भुक्तानी गरेकोमा सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिएकोल समेत नदेखिएकाले मु.अ.कर समायोजन पत्र पेश हुनुपर्ने रु. | १,०६,३१९।३४ |

| पान नं. | पार्टीको नाम | जम्मा भुक्तानी | मु.अ.कर |
|---|---|---|---|
| ३०४४४९५६५ | निङ्गलासैनी ट्रेडर्स एण्ड सप्लायर्स,बैतडी | ६०,१९५.६४ | ६,९२५.१६ |
| ६०००२२२०६ | महालक्ष्मी हार्डवेयर सप्लायर्स, कंचनपुर | ३९,९९९.६५ | ४६०१.७३ |
| ३०२५२९२०९ | मुनलाई टेक्निकल कम्प्युटर एजुकेशन, बैतडी | २३,१६५ | २६६५ |
| ३०२७६०७९२ | निश्चल ट्रेड एण्ड सप्लायर्स, कैलाली | १८,०८० | २०८० |
| ३०२७७६४३६ | आदर्श स्टेशनरी एण्ड सप्लायर्स, बैतडी | १,०४,९७७.८० | १२०७७ |
| | | ७६,२१५.८५ | ८७६८ |
| | | २६,५९५ | ३,४५७.३५ |
| | | ८८,४२० | ११,४९४.६० |
| ६०७०६०९८८ | प्रबुल फार्मेसी, कैलाली | ४,२०,४२८ | ४८,३६८ |
| ३०२५२६४५१ | स्मार्ट कम्युनिकेशन एण्ड स्टेशनरी | ४५,२५० | ५८८२.५० |
| जम्मा | | ९,०३,३२६.९४ | १,०६,३१९।३४ |

| | | |
|---|---|---|
| ५९. | लोक सेवा तयारी कक्षा संचालन बाफत श्री अम्बादत्त जोशीले रु.२,११,१२५ पेश्की फछ्र्यौट गरेकोमा २०७४।११।७ देखि २०७४।११।१६ सम्म संचालित कक्षा तथा अभिमुखिकरण कार्यक्रम अर्न्तगत प्रशिक्षक श्री मानसिंह साउद लाई १०बटा कक्षा संचालन गरेवाफत प्रति कक्षा २,६०० ले रु.२६,०००, प्रशिक्षक श्री बलदेव नाथ लाई २१ कक्षा संचालन गरेबाफत प्रति कक्षा २६०० ले रु.५४,६०० र प्रशिक्षक श्री शेर सिंह बिष्टलाई ९ बटा कक्षा संचालन गरेबाफत रु.२६०० ले २३,४०० भुक्तानी भएको समेत गरी रु.१,०४,००० को आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशत पारिश्रमिक कर कट्टा रु.१५,६०० राजस्व असुल हुनुपर्ने रु. | १५,६००।- |
| ६०. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँपालीका अध्यक्ष श्री चक्र बहादुर कार्की २०७४।१२।१६ देखि २०७४।१२।२५ काठमाण्डौ भ्रमण गरेकोमा धनगढी देखि काठमाण्डौ सम्मको प्लेन भाडा रु.५,५०० खर्च लेखेकोमा बोर्डिङ्ग पास पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५,५००।- |
| ६१. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। अ.हे.व नैनसिंह गोयला २०७४।६।२५ देखि ६।३० सम्म क्याम्प संचालन गरे वाफतको दै.भ्र.भ रकम रु.६,३०० मात्र पाउनेमा रु.७,६०० भुक्तानी लिएकोले बढी भुक्तानी भएको रु.१३०० असुल गर्नुपर्ने रु | १३००।- |
| ६२. | आयकर ऐन २०५८ को दफा ८८ अनुसार स्वास्थ्य सेवा तर्फ श्रावण, भाद्र र दशै खर्च भुक्तानी गर्दा सामाजिक सुरक्षा कर रु.२६,४५२।३१ कट्टा गर्नुपर्नेमा रु.१७,४९३।३७ मात्र कट्टा गरेकोले नपुग कर रु.८,९५८।९३ असुल गरी दाखिला गर्नुपर्ने रु | ८,९५८।९३ |
| ६३. | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी खर्च गर्नुपर्ने व्यवस्था छ। शिव धाम मन्दिर मर्मतको लागि देब बहादुर विष्टलाई रु.२५,००० भुक्तानी दिइएकोमा लगत इष्टिमेटको कागजात पेश नगरी भुक्तानी खर्च लेखेको रकम अनियमित देखिएको रु | २५,०००।- |
| ६४. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। ७ नं. वडा अध्यक्ष श्री भरत सिंह महराले गाउँपालीका स्तरीय भलिबल प्रतियोगिता संचालन गर्न कार्यक्रम स्वीकृत नगरी विभिन्न मितिमा रु.८००००० पेश्की लिइएको र पेश्की फछ्र्यौट गर्दा निम्नानुसारका सामान खरिद गरेको बील पेश गरेकोले उक्त गाउपालीका स्तरिय महिला तथा पुरुष भलिबल प्रतियोगितामा खरिद भएका सामान रु.४,२३,५२६ तथा दैनिक भ्रमण भत्ता, गाडी भाडा १३१७०० सीलेक्स ९९००, नगद पुरुस्कार २,२२,००० को खर्च दावि गरेकोमा खरिद गरेका सामान जीन्सी दाखिला नदेखिएको, सहभागी एकिन नभई खर्च लेख्ने आधार पेश नभएको देखिएकोले खर्चका आधार बेगर भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १२,४४,१०२ |

| | | |
|---|---|---|
| ६५. | आयकर ऐन २०५८ को दफा ८९ अनुसार मल्लाढिक माल्लेक गोरङ्ग सडक निर्माण उपभोक्ता समितिलाई भ्याट बाहेक रु.५,९०,३०३।५९ भुक्तानी दिँदा अग्रिम आयकर १.५ प्रतिशतका दरले हुन आउने रु.८८५४।५५ कट्टि नगरी भुक्तानी दिइएकोले उक्त रकम असुल हुनुपर्ने । | ८,८५४।५५ |
| ६६. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । न्वाली जिमकोट सडक योजना उपभोकता समितिलाई गो.भौ.नं.१४६, मिति २०७५।१।३० मा रु.३,१६,००० निर्माण पेश्की गएकोमा समितिले नियमानुसार निर्माण कार्यको रनिङ्ग बील पेश गरी यसरी लिएको पेश्कि फछ्यौट गर्दा रु.३,२८,५३२ बील भरपाई का आधारमा खर्च लेखेको देखियो । यसरी खर्च लेख्दा पेश्कि नियमानुसार कट्टी गरेर मात्र बाकी रकम भुक्तानी दिनु पर्नेमा पुरै रकम भुक्तानी गरिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ३,१६,०००।- |
| ६७. | आयकर ऐन २०५८ को दफा ८९ अनुसार श्री कोट स्रोत केन्द्रका श्रोतव्याक्ति श्री हरी नाथले बिद्यालय वयवस्थापन समिति तथा प्र.अ हरुको तालीम कार्यक्रममा लिएको पेश्कि रु ३०००००। फछ्यौट गर्दा पेश गरेका बील भरपाई मा नियमानुसार लाग्ने बहाल कर, स्रोतमा कट्टी गर्नु पर्ने अग्रीम कर रु ४५७७०। असुल हुनु पर्ने रु | ४५७७०।- |
| ६८. | श्रीकोट स्रोत केन्द्रका श्रोतव्याक्ति श्री हरी नाथले बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्नको लागि लिएको रु.८,००,००० पेश्की रकम फछ्यौट गर्दा रु.७,११,९३५ को मात्र विल भरपाई पेश गरेकाले नपुग बिल भरपाइ बेगरको रु.८८०६५ र भुक्तानी गरिएको बील भरपाईमा नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर रु.९२,१२५ मध्य रु.५२,०३० मात्र दाखिला गरेकोले रु.४०,०९५ करसमेत जम्मा रु.१,२८,१६०।- दाखिला गर्नुपर्ने रु | १,२८,१६०।- |
| ६९. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । ८ नं. वडा सचिव श्री कृष्णबहादुर विष्टले स्काभेटर खरिद कार्यका लागि भ्रमण आदेश स्वीकृत गरी लिएको रु.३,००,०० पेश्की फछ्यौट गर्दा दै.भ्र.भ बाफत रु.४०,४००, होटलबास खर्चबाफत १६९६७०, गाडी बुकिङ्गबाफत रु.८२,००० र विविध खर्चबाफत रु.७९३० को बील भरपाई पेश गरेको छ । स्काभेटर खरिद कार्यमा लागेको सम्पुर्ण खर्च सम्वन्धित आपुर्तिकर्ताको रहने र कार्यालय सम्म पुर्‍याउने जिम्मेवारी समेत आपुर्तिकर्ताकै रहने कुरा सम्झौतामा उल्लेख भएकोले नियमानुसार पाउने दै.भ्र.भं बाहेक भएको अन्य खर्च बाफतको रकम असुल हुनुपर्ने रु | २,५९,६००।- |
| ७०. | **भुक्तानी दिन बाँकी :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ६३१ मा स्थानीय निकायको परिषद्बाट कार्यक्रम र बजेट स्वीकृत गराई मात्र अधिकार प्राप्त अधिकारीले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आ.ब.२०७४।७५ को पदाधिकरीको सुबिधा समेत , विभिन्न खर्च बापतको भुक्तानी दिन बाँकी रकम रु ५४,५६,६००।- मिति २०७५।३।३२ मा को.ले.नि .का बैतडी बाट प्रमाणित गरी आगामी बर्षको लागि थप दायित्व सृर्जना गरेको देखिन्छ । | |
| ७१. | **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा ४५ प्राप्त भएको छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | |
| ७२. | **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु ५६. लाख ५७ हजार, अनियमित बेरुजू रु.१०. लाख , प्रमाण कागजात पेश नभएको बेरुजू रु १६. लाख ४७ हजार र पेश्की बाँकी देखिएको रु.३५ लाख ६२ हजार समेत रु.१ करोड १८ लाख ६६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट बेरुजू फछ्यौट भएको छैन । | |
| ७३ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ७१८०००० | ५७५८०५.१६ | ६६०४१९४.८४ |

| | | |
|---|---|---|
| ७४ | **अद्यावधिक बेरुजू स्थिति :** दोगडा केदार गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ६६०४१९४.८४ | ० | ११८६५९८१.६३ | १८४७०१७६.४७ |

# दोगडा केदार गाँउपालिकाका यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**अनुसूची– १**

## २०७४।७५

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | बैतडी | दोगडा केदार गाउ पालिकाका | ३९ | ३५ | ११८६६ | ० | ० | ० | ३९ | ३५ | ११८६६ | ५६५७ | १००० | १६४७ | ० | ० | २६४७ | ४१३ | ३१४९ | ३५६२ |

## सञ्चित कोषको विवरण

**अनुसूची– २**

**प्रदेश :– सुदुर पश्चिम**

## २०७४।७५

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | दोगडा केदार गाउ पालिकाका | बैतडी | ५९६८ | १८८५३९ | १२६२८९ | ६५४८२ | ३८०३१० | २४१९६० | १४३८०३ | ० | ३८५७६३ | ५१५ |